नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कुमारीचोक तथा केन्द्रीय तहसील कार्यालय
( ........................................ शाखा)
सरकारी बाँकी लगत व्यवस्थापन

फोन नं.: ०१-४२२९३३७
फ्याक्स नं.: ०१-४२४०७४९

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नु होला)
बबरमहल
काठमाडौं ।

पत्र संख्या :-
च.नं. :- ३३२ २०७९/८० लगत
प्राप्त पत्र संख्या र मिति :-

मिति :- २०७९/१२/२३

विषय :- <u>सरकारी बाँकी रकम असुल गर्ने सम्बन्धमा ।</u>

श्री सबै संवैधानिक आयोगहरु,
श्री सबै मन्त्रालयहरु,
श्री अन्य केन्द्रीय निकायहरु,
श्री मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सातै प्रदेश ।

उपरोक्त सम्बन्धमा कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा सरकारी बाँकी सरह असुल उपरको लागि लगत कायम भएका लगतवालालाई सरकारी बाँकी रकम तिर्न बुझाउनको लागि पत्राचार/सूचना गर्दा समेत सरकारी बाँकी तिर्न बुझाउन अटेर गर्नेहरुको विवरण कम्प्युटरकृत सरकारी लेखा प्रणालीहरु (CGAS र SuTRA)मा अन्तर आवद्धता गर्ने कार्य भै रहेको छ ।

महालेखा नियन्त्रक कार्यालयको च.न. २३७ मिति २०७९/१२/२१ को पत्रबाट CGAS मा सरकारी बाँकी सरह असुल उपर गर्नुपर्ने रकम बुझाउन बाँकी हुनेको विवरण देखाउने गरी प्रणाली विकास भै सकेको हुदा कार्यान्वयनका लागि लेखि आएको छ ।

महालेखा नियन्त्रक कार्यालयबाट संचालित CGAS मा गोश्वारा भौचर तयार गर्दा *<u>कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा सरकारी बाँकी बुझाउन बाँकी लगतवालाको विवरण भनी लगतवालाको प्यान नम्बर, नाम र लगत नम्बर सहितको विवरण देखाई **kumarichowk.gov.np** मा सम्बन्धित लगतवालाको सरकारी बाँकी रकमको विवरण रहेको छ । सो विवरणमा उल्लेखित रकम आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ११४ को उपनियम (३) बमोजिम असुल गर्नु गराउनु भै कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा पठाउनु हुन जानकारी गराईन्छ</u>* भनि जानकारी प्राप्त भएमा kumarichowk.gov.np मा किलिक गरी सम्बन्धित लगत नम्बरको विवरण हेरी सो लगतवालाको विवरणमा उल्लेखित सरकारी बाँकी रकम कट्टा गरी कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयको धरौटी खातामा जम्मा गर्ने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।यदि सरकारी बाँकी रकम कट्टा गर्नुपर्ने लगतवालाको रकम जानी जानी कट्टा नगरेमा उक्त भुक्तानीमा संलग्न पदाधिकारीहरुलाई आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ११४ को उपनियम (४) बमोजिम विभागिय कारवाही हुने व्यहोरा समेत अनुरोध छ।

उक्त व्यहोरा तहाँ कार्यालय अन्तर्गतका सबै निकायहरुमा परिपत्र गरी आर्थिक प्रशासनमा संलग्न हुने सबै जिम्मेवार कर्मचारीहरुलाई जानकारी गराइ सरकारी बाँकी रकम असुलीमा सहयोग गरिदिनुहुन विनम्रतापुर्ण अनुरोध छ ।

बोधार्थः-
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौ ।

.......................
(नमुना कार्की दाहाल)
कार्यालय प्रमुख